

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २९ गते सोमबार ❑ 12 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'युवा रोकिने, समस्या मेटिने' योजनामा जनप्रतिनिधिको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

"स्थानीय उद्योग धरासायी छन् । ती उद्योग सञ्चालन गरी रोजगारी सिर्जना र युवालाई गाउँमै बसेर काम गर्ने र आयआर्जनको कार्यक्रम आओस्", पर्वतका जिल्ला समन्वय समितिका प्रमुख प्रमुख विष्णुराम विक ले गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाका सन्दर्भमा आइतबार पोखरामा आयोजित कार्यक्रममा भन्नुभयो ।



गण्डकी प्रदेश नीति तथा योजना आयोगले प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा तयार गर्ने गरी तयारीमा जुटिरहेका अवस्थामा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख एवं जिल्ला समन्वय अधिकारीसँग गरिएको छलफलका क्रममा उहाँले उक्त कुरा बताउनुभएको हो । स्थानीय साधनस्रोतको उपयोगको वातावरणमा जोड दिँदै विकले नदीजन्य सामग्रीको सहज उत्खननको वातावरण बनाउर्नेतर्फ ध्यान दिन आग्रह गर्नुभयो । गण्डकी प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको कार्यान्वयनले अपेक्षित गति लिन नसकेको चर्चा भइरहेका अवस्थामा आयोगले दोस्रो पञ्चवर्षीय योजनालाई व्यावहारिकरूपमा नै कार्यान्वयन गर्नेगरी प्रदेशभित्रका ११ वटै जिल्ला समन्वय समितिका पदाधिकारीसँग छलफल गरिएको हो । प्रदेशभित्र सम्बद्ध सबै निकायका प्रतिनिधिसँग आगामी दोस्रो पञ्चवर्षीय योजनाका लागि निरन्तर छलफल गरिएको बताउँदै प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले प्राप्त सुझाव समेतलाई समेट्दै योजनाको मस्यौदालाई अन्तिम रुप दिइने बताउनुभयो ।

दोस्रो पञ्चवर्षीय योजनाका लागि उत्पादकत्व, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य लिएको आयोगको अवधारणापत्रमा उल्लेख छ । उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रूपान्तरण गर्नु, विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नुलाई उद्देश्यका रूपमा राखिएको छ । समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु, गुणस्तरीय सार्वजनिक सेवा र सुशासन अभिवृद्धि गर्नु र मानव पुँजी, उत्थानशील विकास र आर्थिक क्रियाशीलतामार्फत समृद्धि हासिल गर्नु योजनाका उद्देश्य रहेका छन् । हिमालपारीका जिल्ला मनाङ मुस्ताङहुँदै पहाडी जिल्ला र तराईको नवलपुरसमेतको विकासका लागि स्थानअनुसारका योजना समावेश गर्नुपर्नेमा प्रमुखले जोड दिनुभएको थियो । जिल्ला समन्वय समिति मनाङका प्रमुख चीनबहादुर घलेले जिल्लाको प्राथमिकता वैकल्पिक पदमार्ग रहेको धारणा राख्नुभयो । मानिस र गाडी एउटै बाटो हिँड्नुपर्दा पर्यटनमा असर पुगेको बताउँदै उहाँले भन्नुभयो, "मनाङ पर्यटकीय क्षेत्र हो । अहिले मनाङका गाउँगाउँमा मोटरबाटो पुग्दा पर्यटकलाई समस्या भएको छ । वैकल्पिक पदमार्ग निर्माणका लागि प्राथमिकता दिनुपर्दछ ।" मुस्ताङका प्रमुख माया घलेले कालीगण्डकीको बहावका कारण तटीय क्षेत्रका बस्ती जोखिममा परेको बताउनुभयो । उहाँले पर्यटन र संस्कृति एकापसमा सम्बन्धित भएकाले मौलिक संस्कृति संरक्षणमा जोड दिनुपर्ने बताउनुभयो । दोस्रो पञ्चवर्षीय योजना निर्माण प्रक्रिया सहभागितामूलक हुने बताउँदै आयोगले यसमा प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या, चुनौती र अवसर समेटिने उल्लेख गरेको छ । बागलुङका समन्वय प्रमुख अमरबहादुर थापाले योजनाको दोहोरो, तेहेरोपना हटाउन आग्रह गर्नुभयो । एउटै योजनामा सङ्घ, प्रदेश तथा स्थानीय तीनै तहको सरकारको बजेट विनियोजन हुँदा कार्यान्वयनमा समस्या परेको उहाँको भनाइ छ । प्रादेशिक विकास प्रयासमा देखिएका अवरोधको पहिचान, सम्बोधन र निराकरण गर्दै प्रादेशिक विशिष्टताका आधारमा उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने, सबै तहको सरकार र शासकीय साझेदारको अन्तरसम्बन्धलाई सवलीकरण र सुदृढीकरण गर्ने विषयलाई समष्टिगत रणनीतिमा समेटिएको भए पनि व्यावहारिकरुपमा नै कार्यान्वयन हुने गरी सन्तुलित र न्यायोचित विकासमा प्रमुखहरूले जोड दिनुभएको छ ।

जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापाले समावेशी र सन्तुलित विकासमा जोड दिँदै भन्नुभयो, "सन्तुलित विकासमा जोड दिइनेछ भने पनि विगतमा म्याग्दीको समावेशी र सन्तुलित विकास हुन सकेन । आगामी योजनामा त्यसलाई ध्यान दिनु पर्दछ ।" म्याग्दीलाई हिमाली जिल्लाको सूचीमा राखे पनि सोहीअनुसारको सुविधा र सेवा भने प्राप्त नभएको उहाँको गुनासो छ । वन, वातावरण,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा नगरसभामा ३ विधेयक ३ प्रतिवेदन र १५४ नयाँ दरबन्दी स्वीकृत

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

पोखरा महानगरपालिकाको १४ औं नगरसभा सम्पन्न भएको छ । पौष २९ गते सुरु भएको नगरसभा आइतबार सम्पन्न भएको हो । नगर सभाले विभिन्न विधेयक तथा प्रतिवेदनहरू पास गरेको छ भने, केही महत्त्वपूर्ण निर्णयहरू समेत गरेको छ ।



नगरसभामा विधायन समितिको तर्फबाट संयोजक पुष्पेन्द्र पाण्डेद्वारा प्रस्तुत भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि २०८०, आर्थिक ऐन २०८० पहिलो संशोधन र बाल अधिकार सम्बन्धी ऐन २०७४ तेस्रो संशोधन विधेयक सर्वसम्मतिले पास गरेको हो । यस्तै पोखरा महानगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक मन्जुदेवी गुरुङद्वारा प्रस्तुत समितिको अर्धवार्षिक प्रतिवेदन र सार्वजनिक लेखा समितिका संयोजक झपट बहादुर रानाभाटद्वारा प्रस्तुत सार्वजनिक लेखा समितिको प्रतिवेदन पनि सर्वसम्मतिले पारित भएको छ ।

महानगरपालिकाको आर्थिक ऐन २०८० अध्ययन गरी सुझाव पेस गर्न गठित समितिले पेस गरेको प्रतिवेदन पनि नगर सभाले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठक 'पञ्चकोट'मा

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ माघ

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकारले प्रसिद्ध धार्मिकस्थल पञ्चकोटमा मन्त्रिपरिषद्को बैठक बस्ने निर्णय गरेको छ ।

प्रदेश सरकारले भोलि माघ २९ गते सोमबार पञ्चकोटमा मन्त्रिपरिषद्को बैठक बस्न लागेको जानकारी दिएको छ ।

प्रदेशभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक, पर्यटकीयस्थलको प्रवर्द्धनका लागि प्रदेशका विभिन्न ठाउँमा मन्त्रिपरिषद्को बैठक गर्ने योजनाअनुसार भोलि पञ्चकोटमा बैठक बस्न लागेको गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बताउनुभयो । "पञ्चकोटको पर्यटन प्रवर्द्धनमा मद्दत पुगोस् भन्ने सरकारको अपेक्षा छ, अब प्रदेशका मुख्य-मुख्य ठाउँमा मन्त्रिपरिषद्को बैठक बस्नुपर्छ भन्ने लागेको छ, हामीहरुले सबै धार्मिक तथा पर्यटकीय ठाउँहरुको विकास, प्रचारप्रसार गर्नुछ," मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।

गण्डकी प्रदेशमा धार्मिक तथा पर्यटकीय गन्तव्य धेरै भएको र यी क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढाउनका लागि प्रदेश सरकार गम्भीर भइ लागेको उहाँको भनाइ छ । पञ्चकोटमा आगामी फागुन ९ देखि २३ गतेसम्म 'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ २०८०' पनि आयोजना हुँदैछ । मन्त्रिपरिषद्को बैठकपछि महायज्ञमा धेरैभन्दा धेरै भक्तजनहरु आउने विश्वास लिइएको मुख्यमन्त्री पाण्डे बताउनुभयो । गण्डकी प्रदेश सरकारको मन्त्रिपरिषद् को बैठक पोखराभन्दा बाहिर पहिलो पटक बस्न लागेको हो ।

## पोखरामा रातो मच्छिन्द्रनाथ र भोटेजात्राको ऐतिहासिक फोटो हेर्न समय थपियो

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा भइरहेको रातो मच्छिन्द्रनाथ र भोटेजात्राको ऐतिहासिक तस्वीर प्रदर्शनीमा गर्न एक हप्ता समय थपिएको छ ।

फोटो प्रदर्शनी अवलोकनकर्ताले अभिरुचि देखाएकाले समय थपिएको संग्रहालय कार्यकारी निर्देशक निर्मला न्यौपानेले जानकारी दिइन् । 'पोखरामा पहिलोपटक भएर होला! धेरैले राम्रो प्रतिक्रिया दिइरहनुभएको छ । अल्पकालीन रुपमा फोटो प्रदर्शनी गरिएकाले अब यो मौका आउँदैन', न्यौपानेले भनिन्, 'अहिलेलाई एकहप्ता फेरि समय थपेका छौं ।' फोटो प्रदर्शनी अब फागुन ७ गतेसम्म चल्नेछ ।

संग्रहालयले आफ्नो २१ औं स्थापना दिवसको अवसरमा पाटन दरबार संग्रहालय र हनुमान ढोका दरबार संग्रहालयको सहकार्यमा फोटो प्रदर्शनीमा राखेको थियो । माघ २२ गतेदेखि सुरु भएको फोटो प्रदर्शनीमा एकहप्तामा ३ हजार २ सयजना भन्दा बढीले अवलोकन गरेको संग्रहालयले जनाएको छ । माघ २२ गते ललितपुरका मेयर चिरिबाबु महर्जन र पोखराका मेयर धनराज आचार्यले संयुक्त रुपमा फोटो प्रदर्शनीको उद्घाटन गरेका थिए । दिवसको अवसरमा प्रदर्शनीमा रातो मच्छिन्द्रनाथ रथ यात्राबारे जानकारी, यात्राको रुट, डकुमेन्ट्रीलगायत प्रदर्शनीमा राखिएको छ । साथै, हनुमान ढोका दरबार क्षेत्रका ऐतिहासिक तस्वीरहरु पनि प्रदर्शनमा राखिएको छ । 'हनुमान ढोका दरबार संग्रहालय तथा विकास समितिको सहकार्यमा शाही चित्रकार तथा दरबार फोटोग्राफर दीर्घमान चित्रकार र उनका छोरा गणेशमान चित्रकारले खिचेको चित्र, तस्वीर, दरबार क्षेत्रका स्मारक, जात्रा, उत्सव, तथा जनजीवन झल्किने फोटो एकहप्तासम्म पोखरामै हेर्न व्यवस्था मिलाएको छौं,' न्यौपानेले भनिन् । प्रदर्शनीमा पाटन ढोका दरबार क्षेत्रका महत्वपूर्ण सम्पदाहरु तलेजु मन्दिर, प्रताप मल्लको परिवारसहितको शिलास्तम्भ, मल्लकालीन मूलचोक, मोहनचोकलगायत प्रथम विश्व युद्धका लागि तयार पारिएका नेपाली सेना, १९९० सालको महाभूकम्प आदि झल्कने २२ तस्वीर पनि राखिएको छ ।

साथै, २१ औं पर्वतीय संग्रहालय दिवसको अवसरमा जर्मनी आरोही हेनिज स्टेन्मिजले नेपालको अन्नपूर्ण चौथो आरोहण गर्दा खिचेको ऐतिहासिक फोटोसमेत प्रदर्शनीमा राखिने भएको छ । हेनिजले सन् १९५५ मा अन्नपूर्ण चौथो आरोहण गरेका थिए । उनले अन्नपूर्ण चौथोसँगै चुलु, काङगुरु, दक्षिण लमजुङ हिमाल आदि आरोहण गरेका थिए ।


**सामाजिक सञ्जाल प्रयोगकर्ताले ध्यान दिऔं**

- बेनामी वा छद्मवेशी पहिचान सिर्जना गरी कुनै पनि विषयवस्तु उत्पादन, शेयर वा टिप्पणी नगरौं,
- मिथ्या, भ्रमपूर्ण सूचना, घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने खालका अभिव्यक्ति, श्रव्य दृश्य सामग्री, तस्वीर शेयर नगरौं,
- बहुविवाह, बालबिवाह, मानव वेचविखन र छुवाछुतजस्ता कानूनले वर्जित गरेका विषय वा क्रियाकलाप गर्न प्रोत्साहन नगरौं,
- अरुलाई होच्याउने अपमान गर्नेजस्ता कार्य सामाजिक सञ्जालबाट नगरौं,
- निजी प्रकृतिका फोटो भिडियो अनुमति वेगर छायांकन, प्रकाशन तथा प्रसारण नगरौं,
- अश्लिल शब्द तस्विर, श्रव्य, दृश्य, एनिमेसन प्रकाशन प्रसारण नगरौं,
- बालयौन शोषण, यौन दुर्व्यवहार, देहव्यापारलगायतका क्रियाकलापलाई प्रोत्साहन नगरौं,
- विभत्स तस्वीर, भिडियो अपलोड र शेयर नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# इटहरीका आयुष गौतमलाई खुल्ला नेपाल स्नोकर प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ




इटहरीका आयुष गौतमले खुल्ला नेपाल स्नोकर प्रतियोगिता २०८० को उपाधि जित्नु भएको छ । पोखराको ड्यामसाइड स्थित फाइनल स्कोर स्पोर्टस बारमा आइतबार सम्पन्न भएको फाइनल खेलमा गौतमले काठमाण्डौंका वाङ्चु तामाङलाई ७–५ को सेटमा पराजित गर्दै उपाधि हात पार्न सफल हुनु भएको हो ।

गौतमले उपाधि सहित १ लाख ५० हजार नगद पुरस्कार प्राप्त गर्दा उपविजेता हुनु भएको तामाङले भने ७० हजार साथमा ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्नु भयो । उक्त प्रतियोगितामा नयाँ रेकर्ड कायम भएको छ । फाइनल खेलमा वाङ्चु तामाङले १ सय ३२ को टेवल क्लियरेन्स गरी हायस्ट ब्रेक गरी नयाँ रेकर्ड कायम गर्नु भएको आयोजक फाइनल स्कोर स्पोर्टस बार प्रा.लि.का अध्यक्ष सोम बि.क.ले बताउनु भयो । यस अघि काठमाडौंका राजन लामाको नाममा १ सय १० को रेकर्ड रहेको थियो । उक्त प्रतियोगिता वेष्टअफ थट्टीनमा भएको हो । ईटहरीका २१ बर्षका गौतम काठमाडौंको यास. के. कलेजमा ब्याचलर तेश्रो बर्षमा अध्ययनत हुनुहुन्छ । २०७९ छोट्तेन स्नुकर क्लवले काठमाडौं बौद्धमा आयोजना गरेको राष्ट्रिय प्रतियोगितामा बिजेता गौतमले विगत ८ बर्ष देखि यस खेलमा लाग्नु भएको हो । ५ बर्ष अघि काठमाडौंको साकुरामा आयोजना भएको राष्ट्रिय प्रतियोगितामा क्वारफाईनलमा पराजित हुनु भएको गौतम कतारमा भएको एसियन च्याम्पियनसिप २०७९, भारतमा भएको यु-१९ स्नोकरमा सहभागी हुनु भएको थियो । प्रतियोगिताको मुख्य निर्णायकमा गणेश जिसी र राजु गुरुङ रहनु भएको थियो भने अन्य निर्णायकमा विश्व कार्की, संगम रसाइली, पारस सुनार र निरज गुरुङ रहनु भएको थियो । उक्त प्रतियोगिताको मुख्य सहयोग पोखरा महानगरपालिकाले गरेको छ भने दोश्रो पुरस्कारको प्रायोजन पोखरा ड्यामसाइडको बि एण्ड बि कम्प्लेक्स (बिक्रम गुरुङ/बिष्णु गुरुङ) ले गर्नु भएको हो । तेश्रो पुरस्कार प्रायोजन भने ड्यामसाइड निवासी हाल वेलायतमा रहनु भएको जिनेश गुरुङ र रत्नचोक निवासी हाल आबुदावी रहनु भएको अमृत गुरुङले गर्नु भएको हो । सेमिफाइनलमा पराजित हुनु भएको काठमाण्डौंका दुई खेलाडी राजन लामा र रेगन श्रेष्ठलाई ट्रफीको साथमा जनही २०/२० हजार पुरस्कार उपलब्ध गराइएको छ । यही १३ देखि माघ संचालन भएको उक्त प्रतियोगितामा १ सय २३ जना खेलाडीहरु सहभागि हुनु भएको प्रा.लि.का संचालक मध्यका एक प्रताप गुरुङले बताउनु भयो । खेल पर्यटनको प्रबर्द्धन गर्ने उद्धेश्यले कास्की विलियार्ड स्नोकर तथा पुल संघको विशेष सहयोगमा उक्त प्रतियोगिता भएको अध्यक्ष बि.क.ले जनाउनु भयो । विजयी खेलाडीहरुलाई पोखरा १७ का वडा अध्यक्ष राधिका योगी शाही, कास्की विलियार्ड स्नुकर तथा पुल संघका अध्यक्ष सागर कुमार शाही(दिलीप), खेलकुदकर्मी बिष्णु गुरुङ, जिनेश गुरुङ लगायतले पुरस्कार वितरण गर्नु भएको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष शाहीले पोखरा १७ मा खेलकुद, पर्यटन सहित धार्मिक पर्यटनको अथाह सम्भावना भएको वडा भएको दाबी गर्नु भयो । उक्त प्रतियोगिताले पोखरा क्षेत्रको पर्यटनमा टेवा पुगेको दाबी गर्नु भयो ।

# एक महिने सारंगी प्रशिक्षण कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



एक महिने सारंगी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । गण्डकी प्रज्ञा-प्रतिष्ठानले हेम्जा साहित्य प्रतिष्ठानसँगको सहकार्यमा कास्कीको हेम्जामा यो कार्यक्रम आयोजना गरेको थियो ।

प्रशिक्षण कार्यक्रममा गन्धर्व समुदायका २५ जना बालबालिकाको सहभागी बनेका थिए । उनीहरुलाई स्थापित सारंगी बाधक सम्मर बहादुर गायकले सहजीकरण गरेका हुन् । समापन कार्यक्रमा आफूले सिकेका ज्ञानलाई उनीहरुले दुईवटा गीतमा सारंगी बजाएर प्रस्तुत समेत गरेका थिए । गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव प्रकाश पौडेलको प्रमुख आतिथ्यतामा भएको समापन कार्यक्रमा बोल्दै उनले वैदिक काल भन्दा अगाडि सारंगीको उत्पत्ति भएको बताए । एक तार हुँदै आज सारंगीको विकसित रुप चार तारसम्म आइपुगेको उनको भनाई थियो । ऐतिहासिक महत्व बोकेको सारंगी गन्धर्व समुदायसँग जोडिनु खुशीको कुरा भएको उनले सुनाए । नेपाली लोक भाकामा प्रयोग गरिने सारंगी बाजा मात्र नभएर व्यवसाय पनि भएको भन्दै नयाँ पिढीले यसको संरक्षण प्रर्वद्धनका साथै व्यवसायसँग पनि जोड्नुपर्नेमा जोड दिए । एक महिनासम्म सिकेका कुरालाई प्रयोगात्मक रुपमा देखाएकोमा उनले बालबालिकाको प्रशंसा समेत गरे । तपाईहरुले सारंगी बजाएर देखाउनुभयो, म तपाईहरुप्रति विश्वस्त भए, अब तपाइहरु जस्तो नयाँ पिढीले सारंगीको गर्विलो इतिहास जोगाउनु हुनेछ' उनले भने । सचिव पौडेलले मन्त्रालयले गर्नुपर्ने सहयोगमा आफू सदैव तयार रहेको समेत खुलाए ।

प्रशिक्षण कार्यक्रमका सहजकर्ता सम्मरबहादुर गायकले यस्तो प्रकारको प्रशिक्षणले नयाँ पिढीलाई आर्कषण गरेको बताए । एक महिनको समय अवधि कम भएको भन्दै यस्ता प्रशिक्षण कार्यक्रम निरन्तर आयोजना भैरहनुपर्नेमा उनको जोड थियो । गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले प्रज्ञा प्रतिष्ठानको काम नै जातजातिका विभिन्न मौलिक संस्कृति जर्गेना गर्ने भएको बताए । पछिल्लो समयमा नयाँ पुस्ता आफ्नो भाषा, बाजा, वेषभूषा र संस्कृति प्रति उदासिन बन्दै गइरहेको भन्दै उनले चिन्ता व्यक्त गरे । 'यो डर लाग्दो अवस्था हो, तसर्थ नयाँ पुस्तालाई क्रमिक रुपमा आफ्नो भाषाप्रति, आफ्नो बाजाप्रति, संस्कार संस्कृति प्रति आर्कषित गराउनु छ, त्यसका लागि प्रज्ञा प्रतिष्ठान कटिबद्ध छ' उनले भने ।

हेम्जा साहित्य प्रतिष्ठानका अध्यक्ष बलराम पौडेलको अध्यक्षतामा भएको समापन समारोहमा प्रशिक्षार्थीलाई प्रमाणपत्र समेत वितरण गरिएको थियो । कार्यक्रममा पोखरा २५ हेम्जाका वडाध्यक्ष मोतिलाल तिम्सीना, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ कृष्ण प्रसाद पौडेल, प्राज्ञ डिल कुमारी पौडेले लगायत सहभागी भएका थिए । एक महिने सारंगी प्रशिक्षण कार्यक्रम गत पौष २७ गतेबाट सञ्चालन भएको गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठले जनाए ।

# पोखरा ...

पास गरेको छ । प्रतिवेदन अनुसार एकीकृत सम्पत्ति कर र भूमि करमा आषाढ मसान्त सम्म १५ प्रतिशत र व्यवसाय करमा १० प्रतिशत छुट दिइने छ । यसअघि तिरिसकेको हकमा आगामी आर्थिक वर्षको तिनु पर्ने करमा समायोजन गर्ने निर्णय नगर सभाले गरेको छ ।

नगर सभाले महानगर मातहत सञ्चालित स्वास्थ्य संस्थाहरूमा पदपूर्ति सहित थप जनशक्ति व्यवस्थापन गर्न १५४ जनाको दरबन्दी पनि स्वीकृत गरेको छ । जसमा ४ मेडिकल अधिकृत, १ जनस्वास्थ्य अधिकृत, २९ हेल्थ असिस्टेन्ट, २८ अहेव, ४३ अनमी, ४ स्टाफ नर्स, ल्याब असिस्टेन्ट ९, फार्मेसी २, वैद्य १, कविराज २, सहायक कम्प्युटर अपरेटर २ र २९ आवश्यक पदको दरबन्दी रहेको छ । नगर सभाले रिक्त महानगरको न्यायिक समिति सदस्य पदमा पोखरा १३ की वडा सदस्य रजनी परियारलाई नियुक्त गरेको छ । परियारले नगर प्रमुख धनराज आचार्यसँग पद तथा गोपनीयताको शपथ लिइसक्नु भएको छ ।

समुन्नत पर्यटकीय पोखरा निर्माणका लागि नगरप्रमुख, उपप्रमुख, कार्यपालिका सदस्यहरू, नगरसभासदहरु, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरूले संयुक्त रूपमा साझा प्रतिबद्धता जाहेर गर्नुभएको छ ।

# युवा रोकिने...

जैविक विविधता तथा विपद् जोखिम व्यवस्थापनका लागि वन, वातावरण, तालतलैया र जलाधारको दिगो व्यवस्थापन गरी हरित अर्थतन्त्रको विकासमा जोड दिने आयोगको अवधारणापत्रमा भनिएको छ । जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्णबहादुर गुरुङले लमजुङ र गोरखाका पाँच पालिका मिलेर 'भेडीगोठ स्टे' कार्यक्रम सुरु गरेकाले पूर्वाधार निर्माणमा सरकारले सहयोग गर्न आग्रह गर्नुभयो ।

जिल्लाको विकासमा कृषि र पर्यटन महत्वपूर्ण आधार रहेको बताउँदै उहाँले जिल्लाका सबै ताल र पोखरीको संरक्षणका कार्यक्रम ल्याउन माग गर्नुभयो । गोरखाका जिल्ला समन्वय प्रमुख मोहनबहादुर थापाले धादिङ हुँदै आरुघाटबाट मनास्लु पदमार्गलाई गोरखा जिल्लाबाट सुरु गर्नेगरी कार्यक्रम ल्याउन माग गर्नुभयो । जिल्लामा सडक, सडक पुल, पुललगायत विकास निर्माणमा निर्माण कम्पनीबाट ढिलासुस्ती हुने र पटकपटक म्याद थप्नुपर्ने समस्या रहेको बताउनुभयो । उहाँले गोरखकाली रबर उद्योग पुनःसञ्चालनलाई समेट्न आग्रह गर्नुभयो । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले कृषि, पर्यटन, दिगो तथा गुणस्तरीय पूर्वाधार विकास, औद्योगिक विकास र सुशासन जिल्लाका प्राथमिकताको क्षेत्र रहेको बताउनुभयो । स्थानीय तहले छनोट गरेका योजनालाई योजना बैंक बनाएर प्राथमिकताका आधारमा कार्यान्वयन हुने गरी योजना बनाउन उहाँले आग्रह गर्नुभयो । स्याङ्जाका प्रमुख श्रीप्रसाद जिसीले नदी दोहन समस्याका रुपमा रहेको बताउनुभयो । उहाँले कालीगण्डकीलगायत नदीले बर्सेनि खेतीयोग्य जमिन कटान गर्ने गरेकाले रोकथामका कार्यक्रम जिल्लाको प्राथमिकतामा रहेको धारणा राख्नुभयो ।

लमजुङको मध्यनेपाल नगरपालिकाका प्रमुख एवं नगरपालिका महासङ्घ गण्डकीका अध्यक्ष रमेशकुमार पाण्डेले गण्डकी प्रदेशलाई धार्मिक पर्यटनको गन्तव्य घोषणा गर्नुपर्ने बताउनुभयो । उहाँले गण्डकीका सबै जिल्लाको आवश्यकता एकै नहुने भएकाले विकास गर्दा प्राथमिकताका आधारमा गर्नुपर्नेमा जोड दिनुभयो । रुपा गाउँपालिकाका अध्यक्ष एवं गाउँपालिका महासङ्घ गण्डकीका अध्यक्ष नवराज ओझाले उहाँले कार्यान्वयन हुनसक्ने खालका मात्र योजना ल्याउन माग गर्नुभयो । उहाँले प्रदेश सरकारले आन्तरिक आय वृद्धितर्फ ध्यान दिनुपर्ने बताउनुभयो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख एवं जिल्ला समन्वय महासङ्घ गण्डकीका अध्यक्ष लीलाधर पौडेलले योजना बैंकको जिम्मेवारी जिल्ला समन्वयलाई दिन माग गर्नुभयो । उहाँले विगतका तुलनामा प्रदेश सरकारका योजना छनोटमा सुधार भएको बताउनुभयो ।

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जितप्रकाश आलेले सरकारले आफ्नो क्षमताअनुसार योजना छनोट गर्ने गरेको बताउनुभयो । प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यबाट विकास हुने उहाँको भनाइ छ । "सरकारले आफ्नो आम्दानी र क्षमताअनुसार योजना छनोट गर्छ । हामीले साझेदारी र सहलगानीलाई महत्व दिएका छौँ । स्थानीय सरकारसँग सहकार्य गरेर काम गर्न तयार छौँ, स्थानीय तहले छनोट गरेका योजनामा प्रदेश सरकार सहकार्य गर्न तयार छ", मन्त्री आलेले भन्नुभयो । योजनाका लागि सम्बद्ध सबै क्षेत्र र सरोकारवालाबीच छलफल अन्तिम चरणमा पुगेको र छलफल तथा अन्तर्क्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्तावेजलाई परिमार्जन गर्दै लगिने र अन्तिम मस्यौदालाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरी अनुमोदन गराइने आयोगका उपाध्यक्ष देवकोटाको भनाइ छ ।

# मनमोहन मेमोरियल राष्ट्रिय यू-१६ क्रिकेट प्रतियोगितामा गण्डकीको विजयी सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

पोखरामा आइतबार देखि सुरु भएको मनमोहन मेमोरियल राष्ट्रिय १६ बर्ष मुनिका खेलाडीहरु सहभागि (यू-१६) क्रिकेट प्रतियोगितामा गण्डकी प्रदेशले विजयी सुरुवात गरेको छ ।


पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीको नाउँमा स्थापना गरिएको मनमोहन मेमोरियल (एमएम) कप राष्ट्रिय यू-१६ पुरुष क्रिकेट प्रतियोगिता अर्न्तगत आइतबार पोखरा रंगशालामा भएको उद्घाटन खेलमा घरेलु टिम गण्डकीले गर्णाली प्रदेशलाई सुपर टाईमा पराजित गर्दै विजयी सुरुवात गरेको हो । २५/२५ ओभरको खेलमा गण्डकीले २३.५ ओभरमा सबै विकेट गुमाउँदै १ सय २० रन जोड्न सफल हुदा १ सय २१ रनको लक्ष्य पाएको कर्णालीले २२.५ ओभरमा सबै विकेट गुमाउँदै १२० रन बनाउँदा खेल सुपर ओभरमा पुगेको हो । सुपर ओभरमा कर्णालीले १ विकेटको क्षतीमा १० रन जोड्दा गण्डकीले ५ बलमा जितका लागि आवश्यक ११ रन जोड्दै जित हासिल गर्‍यो । गण्डकीका रुपेश थापाले सर्वाधिक ३५ रनको योगदान दिए भने अर्का ब्याटर सरोज बहादुर खत्रीले ३२, दिपेन्द्र बहादुर भण्डारीले २५ र सफल श्रेष्ठले ११ रनको योगदान दिनु भयो । कर्णालीका लागि दिपक खत्री, विपिन शर्मा, आदित्य विक्रम शाह र कवी वमले समान २-२ विकेट हात लिनु भयो । त्यस्तै कर्णालीका ब्याटर विर्जन न्यौपानेले ३७ रन, भुपेन्द्र शाहीले २३ र आदित्य विक्रम शाहले ११ रन जोड्दा गण्डकीका लागि सोनु यादव र समिर भुजेलले समान २-२ विकेट लिनु भएको थियो । यस अघि प्रतियोगिताको उद्धाटन गर्दै गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री एवं संघिय सांसद पृथ्वीसुब्बा गुरुङले विभिन्न उमेर समुहमा हुने प्रतियोगिताले नेपालका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादन हुने हुँदा यसमा सपना देखेर लाग्न खेलाडीलाई आग्रह गर्नु भयो । नेपालमा खेलकुदका पूर्वाधार निर्माण कमजोर अबस्थामा रहेको उल्लेख गर्दै उहाँले नेपालको सिंगो खेल क्षेत्रलाई अघि बढाउन अब बिद्यालयको मावि तहमा खेलकुद बिषयलाई समेट्न लागिएको बताउनु भयो । मनमोहन क्रिकेट एकेडेमीका अध्यक्ष एवं संघिय सांसद ठाकुर गैरेले पूर्व प्रधानमन्त्री मनमोहन अधिकारीलाई यूवा पुस्ता माझ परिचय गराउन नेपाल क्रिकेट संघको सहकार्यमा उक्त प्रतियोगिता आयोजना गरिएको बताउनु भयो । फागुन ७ सम्म पोखरा रंगशालामा सञ्चालन हुने प्रतियोगितामा आयोजक सहित ८ टिमको सहभागिता रहेको छ । प्रतियोगिता अन्तर्गत वन डे फर्म्याट अन्तर्गत २५ ओभरका खेल संचालन हुनेछन् । लिग कम नकआउट अन्तर्गत हुने प्रतियोगिताको समूह 'क' मा कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेश छन् भने समूह 'ख'मा मधेस, लुम्बिनी, सुदूरपश्चिम तथा मनमोहन मेमोरियल रहेका छन् । विजेता टिमले नगद १ लाख नगदसहित ट्रफी, खेल सामग्री, मेडल तथा प्रमाणपत्र र उपविजेता टिमले ५० हजार नगदसहित ट्रफी, खेल सामग्री, मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने भएको छ । प्रतियोगिताका उत्कृष्ट खेलाडी, उत्कृष्ट ब्याट्स म्यान, उत्कृष्ट बलर र म्यान अफ द म्याचलाई खेल सामग्रीसहित नगद पुरस्कार प्रदान गरिने भएको सुमनराज कार्कीले बताउनु भयो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# अख्तियारलाई सहयोग गर

भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति सरकारले लिएपनि भ्रष्टाचार मौलाएको छाभ्रष्टाचार हुन नदिने हो भने सुशासन हुनुपर्छ । देशमा सुशासनको अनुभूति नागरिकले गर्न पाएका छैनन् । देशमा बढ्दो भ्रष्टाचारको जालो फाल्न एक्लो अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मात्र सक्दैन । राजनीतिक संरक्षणमा भएको भ्रष्टाचारलाई रोक्न नागरिक खबरदारी नै चाहिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारविरुद्धको शून्य सहनशिलताको नीतिलाई मूर्तरूप दिन सबैको सहयोग र सक्रियताको अपेक्षा गरेको छ । शुरुआतमा अख्तियारलाई दिएको अधिकार पछि खोसिएको छासंविधान जारी हुँदा अनुचित कार्य झिकेर भ्रष्टाचार मात्र राखियो । नाम अनुसारको काम गर्न नदिन संविधाबाटै अधिकार खोस्ने काम भयो ।अहिले अख्तियारले भ्रष्टाचारीलाई समात्न सकेन भनेर रोईलो गर्नुको अर्थ छैन ।

अख्तियारले ३३औं स्थापना दिवस मनाउँदै गर्दा संविधानमा अधिकार दिन नमान्नेहरुले अहिले सहयोग गर्छौं भन्नू गोहीको आँसु जस्तै हो । मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले सक्रिय भूमिका निर्वाह गर्दै आएको छा'सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धताका साथ अगाडि बढ्ने प्रमुख आयुक्त प्रेमकुमार राईको भनाइ अख्तियारको सङ्कल्प हो ।अख्तियारको संकल्पमा राज्यका महत्त्वपूर्ण अंगका प्रमुखहरूको उपस्थितिले अझ बलियो बनाएको हुनुपर्छ । देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त रहेको अख्तियार प्रमुखले राष्ट्रपति, प्रधानमन्त्री, सभामुख लगायतलाई साक्षी राखेर सुनाएको हुँदा यसप्रति सबै सक्रिय र जिम्मेवार भएर लाग्नुपर्ने हुन्छ । 'भ्रष्टाचारविरुद्धको लडाइँ आयोग एक्लैको मात्र होइन,।यो एक बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो छ ।

सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियन्ता बन्न सक्नुपर्दछ'।नागरिकको खबरदारीकै कारण भ्रष्टाचारविरुद्ध लड्नेहरुलाई बल मिलेको छ । नागरिकको खबरदारी हुँदैन्थ्यो भने भ्रष्टाचारीलाई कसैले छुने आँट गर्ने थिएनन । सङ्घीयता कार्यान्वयनपछि हालसम्म तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गर्ने, घुस/रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने बदनियत राखेर काम गर्ने र गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी उल्लेख्य स८्यामा उजुरीहरू आयोगमा पर्ने गरेको छायो नागरिक सचेतनाका कारणले हो ।

भ्रष्टाचार विरुद्ध काम गर्दै आएको ट्रान्सपरेन्सी इन्टरनेशनलले हालै सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकांकमा नेपाल ३५ अंकसहित १०८औं स्थानमा परेको छ । विश्वव्यापी रूपमा सार्वजनिक गर्ने भ्रष्टाचार अवधारणा सूचकांक (करप्सन पर्सेप्सन इन्डेक्स-सीपीआई) मा गत वर्ष नेपाल ३४ अंकसहित ११०औं स्थानमा थियो । यो वर्ष ३५ अंकसहित १०८औं स्थानमा पर्‍यो । सर्वेक्षण सुरु भएको १२ वर्षको अवधिमा नेपालको स्कोर र वरीयता क्रममा हालसम्मकै उच्च हो । यसले सुशासनको मामिलामा झिनो सुधार देखिएको छ । तीन अंकभन्दा कमको सुधारलाई अन्तर्राष्ट्रिय समुदायले समेत उपलब्धि ठान्दैन । साथै व्यापक भ्रष्टाचार हुने मुलुकहरूको सूचीमा नेपाल यथावत् छ । भ्रष्टाचार अवधारणा सूचकांकमा ५० भन्दा कम अंक पाउनेहरू भ्रष्टाचारले व्याप्त मुलुककै सूचीमा पर्छन् ।

प्राविधिक कारणले एक अंक बढी आउदैमा सुधार भएको मान्न सकिँदैन। हाम्रा छिमेकी मुलुकहरुले सुधारका कयौं प्रयासहरु गरिरहँदा त्यसबाट सिक्नुपर्ने ठाउँमा नेपाली राजनीतिज्ञहरुको चेत खुल्न सकेको छैन । सरकारमा रहेकाहरूले गर्ने पदको दुरुपयोग, न्यायालय, संसद् र सुरक्षा निकायको प्रतिनिधिले निजी स्वार्थका लागि पदको दुरुपयोग गरेको छ । सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिले निजी स्वार्थका लागि पदको दुरुपयोग गर्ने अवस्था झिनो रूपमा सुध्रिएको छ । राजनीतिक भ्रष्टाचारमा सुधार भएपनि जबसम्म राजनितिक संरक्षण रहन्छ तब सम्म भ्रष्टाचार रोकिदैन।राज्यका हरेक अंगमा रहेको बेथिति नहटे सम्म भ्रष्टाचार न्युनिकरण हुन सक्दैन।विधिको भन्दा सत्ताधारीको आदेशमा राज्य संचालन हुन्जेल भ्रष्टाचारले आक्रान्त पार्नेछ । अख्तियारलाई काममा सहयोग र हस्तक्षेप नगरेमा भ्रष्टाचारमा न्युनिकरण हुने अपेक्षा गर्न सकिन्छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : स्वस्थ्यमा सुधार |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'राष्ट्रिय मुक्तक पुरस्कार' शेरचनलाई

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

मुक्तक मञ्च पोखरामा स्थापित 'राष्ट्रिय मुक्तक पुरस्कार-२०८०' साहित्यकार उषा शेरचनलाई अर्पण गरिएको छ ।

रु ३३ हजार तीन सय ३३ राशिको सो पुरस्कार शनिबार आयोजित समारोहमा कलाकार दुर्गा बराल 'वात्सायन', साहित्यकार सरुभक्तलगायतले संयुक्तरूपमा शेरचनलाई हस्तान्तरण गर्नुभयो ।

पोखरेली साहित्यकार अल्पबिरामले स्थापना गर्नुभएको उक्त पुरस्कार छैटौंपटकमा साहित्यकार शेरचनलाई प्रदान गरिएको हो । मुक्तक विधाको उन्नयनमा सिर्जनात्मक योगदान पुर्‍याएबापत उहाँलाई पुरस्कृत गरिएको मञ्चका अध्यक्ष रामजीप्रसाद आचार्यले जानकारी दिनुभयो । शेरचनका मुक्तकसहित, कविता, गीत, कथा, उपन्यासलगायतका विधामा कृति र फुटकर रचना प्रकाशित छन् । मञ्चले यसअघि उक्त पुरस्कार साहित्यकार सरुभक्त, चेतन कार्की, तेजनाथ घिमिरे, रत्नशम्शेर थापालगायतलाई प्रदान गरिसकेको छ । विसं २०६८ देखि हरेक दुई वर्षको अन्तरमा उक्त पुरस्कार प्रदान गर्ने गरिएको अध्यक्ष आचार्यले बताउनुभयो । मुक्तकको उत्थानमा मञ्च क्रियाशील रहँदै आएको छ ।

# दैनिक छ घण्टा हिँडेर पढ्दै आएका विद्यार्थीलाई आवासीय सुविधा

पोखरापत्र संवाददाता
बागलुङ, २८ माघ

तमानखोला गाउँपालिका-६ नर्जाखानीका विद्यार्थीलाई दैनिक छ घण्टा हिँडेर विद्यालय पढ्न जानुपर्ने बाध्यता थियो । तमानखोला-६ नर्जाखानीका विद्यार्थीलाई गाउँपालिकाले विद्यालयमै आवासीय सुविधा दिएपछि पढ्नका लागि दैनिक छ घण्टा हिड्नुपर्ने बाध्यता हटेको छ ।

भौगोलिक विकटताका कारण नर्जाखानी, पाल्ले र भित्रीवन गाउँबाट दैनिक छ घण्टा हिँडेर वडा नं ५ खुङ्खानी स्थित शान्ति माध्यमिक विद्यालयमा पढ्दै आएका विद्यार्थीलाई आवासीय सुविधा दिइएको गाउँपालिका कार्यालयले जनाएको छ ।

गत पुस १ गतेदेखि कक्षा १० मा पढ्ने विद्यार्थीका लागि गाउँपालिकाले विद्यालयमै 'होस्टेल' स्थापना गरेर एसइई दिँदासम्मका लागि आवासीय सुविधा दिन थालेको विद्यालयमा प्रधानाध्यापक सत्यनाराण सिंहले जानकारी दिनुभयो । वडा नं ६ का दर्जनौं विद्यार्थी आधारभूत तहको पढाइ विष्णु आधारभूत विद्यालय नर्जाखानीमा सकेपछि शान्ति माध्यमिक विद्यालयमा पुग्नु पर्ने बाध्यता छ । नर्जाखानीबाट शान्ति मावि खुङ्खानी पुग्न तीन घन्टाभन्दा बढी लाग्दछ । वर्षौंदेखि घण्टौं हिँडेर माध्यमिक शिक्षा हासिल गर्दै आएका यस क्षेत्रका विद्यार्थीलाई एसइई तयारीका लागि करिब तीन महिना आवासीय सुविधा दिइएको प्रअ सिंहले जानकारी दिनुभयो ।

"शान्ति माविमा छात्रावास सञ्चालनका लागि गाउँपालिकाले हरेक वर्ष रु एक लाख विनियोजन गर्ने गरेको छ । जसबाट विद्यार्थीको अतिरिक्त कक्षा सञ्चालन, छात्रावासको व्यवस्थापन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "तीन महिना विद्यालयमा बसेर पढे भने उनीहरुको नजितामा सुधार आउने अपेक्षा गरेका छौँ ।" नर्जाखानीबाट कक्षा ९ र १० मा अध्ययन गर्न खुङ्खानी आउनुपर्छ । नर्जाखानीबाट पढ्न आउने ललिता छन्त्यालले छात्रवासमा बसेर पढ्न थालेपछि धेरै सहज भएको बताउनुभयो । कक्षा नौदेखि दैनिक छ घण्टा हिँड्नुपरेको भन्दै अहिले विद्यालयमा बसेर पढ्न पाउँदा एसइई परीक्षामा राम्रो अङ्क लिएर पास हुने अपेक्षा रहेको उहाँको भनाइ थियो । "घरबाट आउजाउ गर्दा निकै समस्या थियो । दैनिक छ घण्टा हिँड्नुपथ्र्यो । हिँडाइको थकाइले गर्दा पढाइप्रति ध्यान नै जाँदैनथ्यो । अहिले घरबाट आउजाउ गर्नु परेको छैन, यही बसेर पढ्दा पढाइ पनि राम्रो भएको छ", छन्त्यालले भन्नुभयो, "सबैभन्दा बढी समस्या बर्खा र जाडोको समयमा हुने गरेको थियो ।" पाल्लेगाउँका रुपक घर्ती मगर पनि अहिले विद्यालयकै छात्रवासमा बसेर अध्ययन गर्दै हुनुहुन्छ । नर्जाखानीको विद्यालयबाट आठ कक्षा पास गरेर शान्ति माविमा आउनुभएका घर्तीले डेढ वर्ष निकै कष्टपूर्ण तरिकाले विद्यालय आउजाउ गरेको अनुभव सुनाउनुभयो । जङ्गलको बाटो हिँड्दा वन्यजन्तको डर हुने गरेको भन्दै अहिले परीक्षा नजिक आइरहेको अवस्थामा यसरी विद्यालयमै बसेर पढ्न पाएकामा सहज भएको उहाँले बताउनुभयो ।

यस वर्ष शान्ति माविबाट ४० जना विद्यार्थी एसइई परीक्षामा सहभागी हुँदैछन् । त्यसमध्ये ३७ जनाले हाल छात्रवासमा बसेर पढाइ गरिरहेका विद्यालयले जनाएको छ । टाढाका विद्यार्थीको सहजताका लागि गाउँपालिकाले केही समयका लागि भए पनि आवासीय सुविधा दिएको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बताउनुभयो । आवासीय सुविधासहित अतिरिक्त कक्षा सञ्चालनका लागि शान्ति माविसहित वडा नं २ को जनजागृति माध्यमिक विद्यालय बोङ्गादोभान र धन गौ ज्योति मावि वडा नं ३ तमानलाई पनि बजेट विनयोजन गरिएको उहाँले जानकारी दिनुभयो ।

अतिरिक्त कक्षा सञ्चालन भएबापत विद्यार्थीले तिर्नुपर्ने शुल्क गाउँपालिकाले व्यवस्थापन गरिदिएको अध्यक्ष बुढा मगरले बताउनुभयो । भौतिक संरचनाको व्यवस्थापनसँगै शैक्षिक गुणस्तर बढाउन गाउँपालिकाले प्रयास गरिरहेको उहाँको भनाइ थियो ।

**विमालेख हरायो**

हिमालयन लाइफ इन्स्योरेन्स क.लि. बाट जारी गरिएका निम्न लिखित नं. का विमालेखहरु हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

| नाम | विमालेख नंहरु |
|---|---|
| सविना अधिकारी | GLI 0610013157 |
| रुपा मगर थापा | GLI 0610012058 |
| चित्र बहादुर गुरुङ | ULI 4080000092 |

सम्पर्क
हिमालयन लाइफ इन्स्योरेन्स लि.
प्रादेशिक कार्यालय, पोखरा, ०६१५३८४५०

# भविष्य निर्माण माविको अक्षयकोषमा सहयोग जुट्दै



पोखरापत्र संवाददाता
पोखरा, २८ माघ

पोखरा महानगरपालिका वडा नं. २१ कृष्तिमा सञ्चालित भविष्य निर्माण माविले वस सञ्चालन गर्न अक्षयकोष स्थापना गरेको छ । विद्यार्थीको सुविधाका लागि वन सञ्चालन गर्न स्थापना गरेको अक्षयकोषमा हालसम्म ५४ लाख भन्दा बढी संकलन भई सकेको छ ।

एक करोड रुपैया संकलन गरि त्यसैको व्याजबाट वस सेवा सञ्चालन गर्ने लक्ष्यका साथ शुरु गरिएको कोषमा रोजगारीका लागि विदेशमा रहेका यस क्षेत्रका युवा एवम् विभिन्न पेशा व्यवसायमा आवद्ध स्थानीय सामाजिक व्यक्तित्वबाट स्वस्फुर्त रकम संकलन भएको अक्षयकोष बृद्धि समिति संयोजक झपिन्द्र राज रेग्मीले जानकारी दिनुभयो ।

विद्यार्थी सुविधाका लागि अहिले भाडामा वस सञ्चालन हुँदै आएको छ निकट भविष्यमा विद्यालयले आफ्नै वस सञ्चालन गर्ने बताउँदै उहाँले समाजका विपन्न एवम् असहाय वर्गको शिक्षा आर्जनको थलो बनेको यस विद्यालयको अक्षयकोषमा सक्दो सहयोग गरेर पुण्डे कार्यमा सहभागि बन्न सबैमा अनुरोध गर्नुभयो ।

एक करोड रुपैया संकलन गरि त्यसैको व्याजबाट वस सेवा सञ्चालन गर्ने लक्ष्यका साथ शुरु गरिएको सो कोषमा रोजगारीका शिलशिलामा विदेशमा रहेका यस क्षेत्रका युवा एवम् विभिन्न संघसंस्था, स्थानीय सामाजिकसेवीबाट क्रमिकरुपमा रकम संकलन हुँदै आएको अक्षयकोष बृद्धि समिति संयोजक झपिन्द्र राज रेग्मीले जानकारी दिनुभयो । अक्षयकोषमा यसअघि ३४ लाख रुपैया संकलन भएको थियो, कोष बृद्धिका लागि यस बर्षको अभियानबाट २० लाख चार हजार ८५३ रुपैया थप भएको बताउँदै उहाँले पाँच लाखदेखि ५१ हजारसम्म सहयोग गर्ने २२ जना सहयोगदाताबाट सो रकम प्राप्त भएको बताउनुभयो ।

विद्यार्थी सुविधाका लागि अहिले एउटा वस सञ्चालन हुँदै आएको छ निकट भविष्यमा अर्को थप गर्ने सोच रहेको बताउँदै उहाँले समाजका विपन्न एवम् असहाय वर्गको शिक्षा आजर्नको थलोको रुपमा विकसीत यस विद्यालयको अक्षयकोष बृद्धिका लागि सक्दो सहयोग गर्न सवैमा अनुरोध गर्नुभयो ।


बसाई सराईको कारण गाउँ रित्तिदै जानु र निजी विद्यालयका वस घरघर पुग्ने गरेको कारण विद्यार्थीको अभाव भएपछि विद्यालयले एक बर्षदेखि भाडामा लिएर एउटा वस सञ्चालन गर्दै आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल भुजेलले जानकारी दिनुभयो ।

पोखराको दक्षिणी भेगमा अवस्थित सो विद्यालयसम्म आउनका लागि पक्कि बाटोको पहुँच पुगेको छ उहाँले थप्नुभयो, यतिखेर बक्रेक, निर्मलपोखरी र वयली लगायतका क्षेत्रमा विद्यार्थीलाई विहान र बेलुका वस सुविधा पुगेको छ ।

आफुले पढन नपाएपनि भावि सन्तत्ति शिक्षाको उज्यालो घामबाट बञ्चित नहुन भनि पुर्खाले २००९ सालमा गाँस काटेर स्थापना गरि सञ्चालन गरेको विद्यालयलाई दिगोरुप दिनका लागि शुरु गरेको अक्षयकोष बृद्धि कार्यक्रममा शिक्षाप्रेमीबाट भएको सहयोगले उत्साह थपेको उहाँको भनाई छ । "गुणस्तरीय शिक्षामा जोड दिँदैं बस सेवा शुरु भएपछि विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण बढेको छ" उहाँले भन्नुभयो, "व्यवस्थापन विषयमा दशजोड दुईको पढाई भई रहेको विद्यालयमा हाल ४५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।" विभिन्न चारवटा पक्कि भवनमा २४ कोठा रहेका छन्, कक्षा दशसम्म अग्रेजी माध्यममा पढाई भईरहेको बताउँदै उहाँले भन्नुभयो, चालु आर्थिक बर्षमा भारतीय राजदुतावासबाट एउटा बस प्राप्त गर्ने सहमति भैसकेको छ । प्रत्येक कक्षाकोठामा निगरानीको लागि सिसि क्यामेरा सहित प्रोजेक्टर सहित अत्याधुनिक कम्प्युटर ल्यावको समेत व्यवस्था गरिएको बताउँदै अध्यक्ष भुजेलले भन्नुभयो, विद्यालयमा हाल पठनपाठनमा आईसिटी प्रविधि अप्नाईएको छ । विद्यालयमा अध्ययापनमा २१ जना शिक्षक शिक्षिका र तीन जना कर्मचारी कार्यरत छन् ।

# दीपक समीपको नदीको राजमार्ग गृह विमोचन

पोखरापत्र संवाददाता
पोखरा, २८ माघ




साहित्यकार दीपक समीपको तेस्रो कृति 'नदीको राजमार्ग' शनिवार पोखरामा गृह विमोचन गरिएको छ ।

आयोजक पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार सरुभक्त, तीर्थ श्रेष्ठ, उषा शेरचनलगायतले कृतिको विमोचन गरे । कार्यक्रमका प्रमुख अतिथि रहेका सरुभक्तले फुर्सद भएकाले छोटा विधा लोकप्रिय भएको भन्नु भ्रम मात्रै भएको बताए । उनले जुनसुकै छोटा विधाका रचना लेख्न पनि पनि उत्तिकै मिहिनेत लाग्ने धारणा राखे । कृतिको सङ्ख्या कति पुग्यो भन्ने कुराभन्दा कति ओजिलो छ भन्ने कुराले महत्त्व राख्ने सरुभक्तको भनाइ थियो । उनले दीपक समीपलाई लामो सोचविचार गरेर लेख्ने साहित्यकारका रूपमा आफूले चिनेको बताए । कृतिको समीक्षा गर्दै डा. ईश्वरमणि अधिकारीले ६६ ओटा लघुकथा समेटिएको 'नदीको राजमार्ग' नेपाली लघुकथाकै एक मुख्य राजमार्ग भएको दाबी गरे । अर्की समीक्षक सरस्वती प्रतीक्षाले समीपका लघुकथा सामाजिक यथार्थवादी धारामा केन्द्रित रहेको बताइन् । कतिपय सूत्रकथा जस्ता लाग्ने लघुकथा समेटिएको कृतिका अधिकांश लघुकथा सबैलाई मन पर्ने उनको भनाइ थियो । 'नदीको राजमार्गमा समेटिएका लघुकथाको प्रमुख विशेषता नै मुक्तिकिलो झट्का दिनु हो' प्रतीक्षाले भनिन्, 'हास्यव्यङ्ग्यको प्रचूर प्रयोग भए पनि चुट्किला बन्नबाट समीपका लघुकथा जोगिनुले उनलाई परिपक्व लघुकथाकारका रूपमा स्थापित गरेको छ ।'

कथाकार समीपले लघुकथा लेख्नु अलि उमेर पुगेपछिका मानिसले सियोमा धागो छिराए जस्तै भएको धारणा राखे । भने, 'छोटो लेख्नु ज्यादै कठिनसाध्य काम हो, लघु आकारको कथामा सिङ्गो वैचारिक झट्का दिनु सजिलो छैन ।' वि. सं. २०५४ र २०५५ मा राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा उत्कृष्ट लघुकथाकारको पुरस्कार जितेका समीपले आफूले साथीहरूको हौसलाबाट सिङ्गो कृतिलाई पुग्ने लघुकथा लेख्न सकेको अनुभव सुनाए । यसअघि उनका भूगोलभित्र नकोरिएको देश (गजल सङ्ग्रह, २०६२) र अक्षर अक्षरमा देश (मुक्तक सङ्ग्रह, २०७८) प्रकाशित छन् । पोखरेली युवा सांस्कृतिक परिवार र गजल सन्ध्याका पूर्व अध्यक्ष उनी लघुकथा प्रतिष्ठानका संस्थापक कोषाध्यक्ष हुन् । साहित्यकार जीवन सागर भण्डारीले स्रष्टा परिचय दिएका कार्यक्रममा साहित्यकार तीर्थ श्रेष्ठ, उषा शेरचन, हरिदेवी कोइराला, प्रकाशक पेज टर्नरका जयराम तिमिल्सिनालगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन पोखरेली युवा सांस्कृतिक परिवारकी उपाध्यक्ष रीता अधिकारीले गरेकी थिइन् ।

# फेवा वेगनास चौतारीको विपन्न परिवारका बालबालिकालाई सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीले न्यानो कपडा तथा शैक्षिक सामाग्री वितरण गरेको छ।

क्लबले हेल्प नेपाल नेटवर्क सँगको सहकार्यमा शुक्ला गण्डकी नगरपालिका वडा नं ५ बेलचौतारा तनहुँमा विपन्न परिवारका बालबालिकालाई ४० सेट ट्र्याक सुट र शैक्षिक सामाग्री वितरण गरेको हो। प्रतिनिधि सभा सदस्य एवं पूर्व वनमन्त्री शंकर भण्डारीको प्रमुख आतिथ्यतामा मदर्सा नरुल स्कुलमा कार्यक्रमको आयोजना गरेर उनीहरुलाई सहयोग गरिएको थियो। कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सदस्य भण्डारीले शिक्षा भन्दा ठुलो कुरा जीवनमा केही नरहेको बताए। तनहुँमा रहेका विद्यालयमा शैक्षिक गुणस्तर सुधार्न र सुविधा सम्पन्न बनाउन आफूले पहल गरिरहेको सुनाए। उनले बालबालिकालाई नियमित रुपमा विद्यालय पठाउन आग्रह गरे। अभिभावकलाई बालबालिकाले कसरी पढीरहेका छन् भनेर समेत ध्यान दिनुपर्नेमा जोड दिए। तनहुँमा विद्यार्थीलाई पाएक पर्ने ठाउँमानै विद्यालय रहेको समेत उनको भनाइ थियो। यस्ता सहयोगले विपन्न परिवारका विद्यार्थीलाई केही मात्रामा भएपनि सहज बनेको भन्दै कार्यक्रम निरन्तर आयोजना हुनुपर्ने बताए।

लायन्स क्लब अफ पोखरा फेवा वेगनास चौतारीका अध्यक्ष टीकाबहादुर लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व सभासद हसिना बेगम, संविधान सभा सदस्य सफिक मिया, लायन्स क्लब अफ ३२५ जे नेपालका जिएटी कोर्डीनेटर सन्तोष घिमिरे, जिएटी को-कोर्डीनेटर टंक ढकाल, रिजन चियर पर्सन घनश्याम ढुंगान, जोन चियर पर्सन मोहनराज आचार्य, क्लबका सचिव हेमराज तिवारी लगायतले बोलेका थिए। क्लबले हेल्प नेपाल नेटवर्क सँगको सहकार्यमा ७० हजार रूपैयाँ बराबरुको सामाग्री हस्तान्तरण गरेको अध्यक्ष लम्सालले खुलाए। फेवा वेगनास चौतारी सामाजिक कार्यक्रम सक्रिय बन्दै विभिन्न कार्यक्रम मार्फत परिचित क्लब हो।

# पोखरा म्याराथनमा सडक सुरक्षालाई प्राथमिकता दिने कास्की प्रजिअ घिमिरेको प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ



१८ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको सडक सुरक्षाका लागि सुरक्षा निकायसँग छलफल कार्यक्रम सम्पन्न भएको छ।

नेपाल भुतपुर्व खेलाडी मञ्चको आयोजनामा आगामी फागुन ५ गते हुने म्याराथनको समयमा हुन सक्ने ट्राफिक व्यवस्थापन सँगै धावकका लागि सडक सुरक्षाको विषयमा आइतबार जिल्ला प्रशासन कार्यालय कास्कीमा छलफल भएको हो। जिल्ला प्रशासन कार्यालय कास्कीको समन्वयमा धावक तथा खेलाडीहरुको सुरक्षा व्यवस्थालाई मध्यनजर गर्दै पहिलो पटक यस्तो छलफल सम्पन्न भएको हो।

जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले सुरक्षा निकायले सडक सुरक्षा नभई धावकको सुरक्षामा ध्यान दिनुपर्नेमा जोड दिए। प्रशासनको तर्फबाट गर्नुपर्ने आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउँदै सफल म्याराथनलाई सफल बनाउनेमा प्रमुख जिल्ला अधिकारी घिमिरेले विश्वास दिलाए। आयोजक मञ्चलाई एपिएफ र नेपाल पुलिसलाई म्याराथनको रुटको नक्सा प्रदान गर्न अनुरोध गर्दै पुलिस र एपिएफलाई आ-आफ्नो योजना अनुसार सघाउन समेत आग्रह गरे। "हामीले सेक्युरिटी दिने होइन बरु सेफ्टी दिने हो। यहाँ सेक्युरिटी चाहिएको होइन्, धावकहरुका लागि रोड सेफ्टी चाहिएको छ त्यसका लागि हामी सहयोग गर्छौं' उनले भने, "प्रशासनले जे-जे गर्नुपर्ने हो गर्छौं। बरु तपाईँहरुले स्टार्ट पोइन्टमा भन्दा इन्डिङ पोइन्टतर्फ एम्बुलेन्सहरु बढी राख्नुस्।"

म्याराथनका दिन प्रहरी परिचालनमा कमी भएमा प्रदेशबाट समेत मगाउने उनले सुनाए। उनका अनुसार म्याराथनको १० किमिमा आफुसहित कार्यालयका कर्मचारी र अन्य सरकारी निकायकालागि समेत पत्राचार गरिनेछ। साथै प्रहरीले म्याराथनमा खटिएका स्वयम सेवकलाई चिन्ने र उनीहरुसँगको समन्वय कसरी गर्ने भन्ने कुराको जानकारी दिन समेत आग्रह गरे।

म्याराथनमा जिल्ला अधिकारी सहित कास्की प्रहरी प्रमुख मोहन कुमार थापासमेत प्रतिस्पर्धा गर्ने भएका छन्। घिमिरेले उक्त दिन ट्राफिक प्रहरीको भूमिका महत्वपूर्ण हुने भएकाले तत्कालै यातायातसँग आबद्ध संगठनसँग छलफल गरी सहज गर्न अनुरोध गरे। छलफलमा सहायक प्रजिअ गंगा बहादुर क्षेत्री, नेपाल आर्मी, शसस्त्र प्रहरी, नेपाल प्रहरी र कास्कीका ट्राफिक प्रहरी प्रमुख प्रहरी निरिक्षक भानु शर्मालगायत सुरक्षा निकायका प्रमुखहरुको सहभागिता रहेको थियो। सो अवसरमा मञ्चका अध्यक्ष हरिप्रसाद पराजुली, मञ्चका निवर्तमान अध्यक्ष तेज बहादुर गुरुङ, संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, सुरक्षा उपसमितिका संयोजक पूर्व प्रहरी निरिक्षक हरि बहादुर बरुवाल, सुरक्षा उपसमितिका सल्लाहकार पूर्व एसपी विष्णुहरि गौतमले म्याराथन अन्तर्गत अपनाउनु पर्ने विशेष सुरक्षा ब्यवस्था बारे जानकारी दिएका थिए।

# भोर्लेमा युवाहरुको सामूहिक तरकारी खेती

**पोखरापत्र संवाददाता**
पर्वत, २८ माघ

यहाँ सामूहिक तरकारी खेती सुरु गरिएको छ। दक्षिण पर्वतको पैंयु गाउँपालिका-७ का २३ युवा मिलेर सामूहिक तरकारीखेती सुरु गरेका हुन्। युवा जनशक्ति दिनप्रतिदिन पलायन हुँदै जाने र खेतीयोग्य जमिनसमेत बाँझो हुने क्रम बढेपछि वडा नं ७ भोर्लेका वडाध्यक्ष तोयानाथ शर्माको अगुवाइमा भोर्ले बहुउद्देश्यीय कृषक समूहको गठन गरी सामूहिक रुपमा खेती गर्न थालिएको हो।

समूहले स्थानीय व्यक्तिहरुको सिँचाइयुक्त २० रोपनी क्षेत्रफलमा विभिन्न जातका तरकारीको खेती सुरु गरेको छ। दिनप्रति दिन जमिन बाँझिने क्रम बढेपछि आफैँ सक्रिय भएर तरकारी खेतीमा लागेको वडाध्यक्ष शर्माले बताउनुभयो। "सिँचाइको राम्रो सुविधा भएको खेतीयोग्य जमिन नै खनजोत हुन नसक्दा साह्रै नराम्रो लाग्यो", अध्यक्ष शर्माले भन्नुभयो, "अनि वडाको बैठकमा तरकारीखेती गर्ने प्रस्ताव गरेँ, सर्वसम्मत रुपमा पास भएपछि समूह गठन गरेर अघि बढेका हौँ।" अध्यक्ष शर्माकै योजना र मागअनुसार कृषि कार्यक्रमअन्तर्गत गतवर्ष गाउँपालिकाले रु पाँच लाख विनियोजन गरेको थियो। उक्त बजेटबाट समूहलाई यान्त्रिक हलो, सुकाउने र पिस्ने मेसिन खरिद गरिएपछि समूहमा आबद्ध कृषकलाई तरकारीखेती गर्न सहजसमेत भएको छ। गत वर्ष वडाको कृषि क्षेत्रमा यान्त्रिकीकरण गर्ने काम भएपछि यस वर्षदेखि व्यावसायिक तरकारी खेती सुरु गरिएको हो।

पहिलो चरणमा १० रोपनी क्षेत्रमा गरिएको गोलभेडा, काउली, ब्रोकाउली, खुर्सानी, प्याज, लसुन, धनिया लगायतको उत्पादनबाट रु पाँच लाख आम्दानी हुने अनुमान गरिएको छ। बाँझो जमिनको उपयोग हुने र कृषकसमेत आत्मनिर्भर हुनुका साथै स्थानीय बजारमा जैविक तरकारी उपलब्ध गराउने समूहको योजना छ। व्यावसायिक तरकारीखेतीका लागि यस वर्षसमेत वडाले रु पाँच लाख रकम विनियोजन गरेको छ। वडाध्यक्ष शर्माले भन्नुभयो, "बाँझो जमिन उपयोग गरेर कृषियोग्य बनाइसकेपछि टनेलमा काउली, बन्दागोभी, ब्रोकाउली, प्याज, लसुनलगायत मौसमी तथा बेमौसमी तरकारीखेती शुरु गरिएको हो।" उहाँहरुले पहिलो चरणमा विभिन्न तरकारीका बेर्ना बेचेर रु १६ हजार आम्दानीसमेत गरिसकेका छन्। यहाँ उत्पादित तरकारी तथा बेर्ना छिमेकी स्थानीय तह विहादी, महाशिला तथा स्याङ्जाको वालिङसम्म पुग्ने गरेको छ। सडकको राम्रो सुविधा भएकाले उत्पादित तरकारी बजारीकरणमा समस्या नरहेको अध्यक्ष शर्माले बताउनुभयो। व्यावसायिक तरकारी खेतीका लागि वडाले नै पारिश्रमिक निर्धारण गर्ने गरी पाँच स्थानीयलाई रोजगार ीसमेत प्रदान गरेको छ। वडावासी कृषकलाई सस्तो मूल्यमा तरकारी तथा तरकारीका बेर्ना र बीउ उपलब्ध गराउने योजना समूहले बनाएको छ। उहाँका अनुसार स्थानीय कृषकको बाँझो जमिन उपयोगका लागि पनि प्रेरणा हुनेछ। समुहमा आबद्धबाहेक अन्य कृषकले उत्पादन गरेको तरकारी बिक्रीका लागि बजारको व्यवस्थापन गरिने समूहमा आबद्ध पदमबहादुर आलेले बताउनुभयो। वडामा रहेका सामुदायिक विद्यालयका विद्यार्थीका लागि पढ्दै सिक्दै र कमाउँदै भन्ने कार्यक्रम ल्याई कृषिको व्यावसायिक उत्पादनमा लगाउने कार्यक्रम वडाले तयार पारेको छ।

पहिलो चरणमा यस वर्ष १० रोपनीमा व्यावसायिक खेती गरिएको छ भने बाँकी १० रोपनीमा स्थानीय बेसार खेती गरिने भएको छ। जनप्रतिनिधि नै संलग्न भएर बाँझो जमिन उपयोग गर्नुका साथै कृषकको आम्दानी र पालिकालाई तरकारीमा आत्मनिर्भर बनाउने योजनाले अन्य कृषकलाई उत्साहित बनाएको गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले बताउनुभयो। उहाँले कृषकलाई व्यावासयिक रुपमा कृषि पेशामा लाग्नका लागि पालिकाले बीउ, बेर्ना, मलखाद तथा यान्त्रिक उपकरण खरिदमा अनुदानसमेत दिँदै आएको बताउनुभयो।

# प्रिमियर कप क्रिकेट: नेपालको दोस्रो जित

**रासस**
काठमाडौं, २८ माघ

एसिसी महिला प्रिमियर कप क्रिकेट-२०२४ अन्तर्गत आइतबार भएको खेलमा नेपालले भुटानलाई आठ विकेटले पराजित गर्दै विजयी भएको छ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले भुटानलाई हराउँदै प्रतियोगितामा लगातार दोस्रो जित निकालेको हो। पहिलो खेलमा नेपालले हङकङलाई आठ विकेटले पराजित गरेको थियो। यस जितसँगै नेपालको २ खेलमा ४ अङ्क भएको छ। भुटानले प्रस्तुत गरेको ६६ रनको लक्ष्य नेपालले ११ दशमलव ५ ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो।

नेपालका लागि सीता रानामगरले अविजित ३२ रन बनाइन्। तेस्तै रुविना क्षेत्रीले १७ रन बनाइन्। तेस्रो विकेटका लागि सीता र रुबिनाले अविजित ४८ रनको साझेदारी गरेका थिए। कविता कुँवरले ५ रन बनाइन् भने इन्दु बर्मा १ रनमा आउट भइन्। भुटानका लागि अन्जु गुरुङ र अन्जुली घलेले समान एक/एक विकेट लिए। यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको भुटानले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै ६५ रनको योगफल बनाएको थियो। भुटानका लागि नवाङ छोडेनले सर्वाधिक २५ रन जोडिन भने, कप्तान डिचेन वाङ्मोले १७ रन बनाइन्। त्यस्तै, छिडि जाङ्मोले १६ रन बनाइन्।

# गेफ स्कुलको वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २८ माघ

पोखराको९नयाँबजारमारहेको गेफ सेकेण्डरी इङ्लिस स्कुलकले वार्षिकोत्सव,अभिभावक दिवस एवं पुरस्कार बितरण समारोह शनिबार सम्पन्न गरेको छ।

समारोहको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका बरिष्ट शिक्षा अधिकृत कृष्ण भण्डारीले संस्थागत र सामुदायिक बिद्यालयहरुलाई समान दृष्टीकोणबाट हेरिने बताए। उनले गेफ स्कुलले शिक्षाको क्षेत्रमा पुर्‍याएको योगदानको प्रसंसा गरे। साहित्यकार एवम् कवि बिश्वबन्धु रेग्मीले विद्यार्थीहरुलाई शिक्षा अलवा योगा,आध्यात्ममा समेत समावेश गर्दा बौद्धिक क्षमतामा बृद्धि हुनेमा उनको जोड रहेको थियो।




प्रिन्सिपल कुमार रेग्मीले स्कुलले निम्न बर्गका बिद्यार्थीहरु पनि अवसर दिइएर अभिभावकत्व ग्रहण गरिरहेको जनाए। सोअवसरमा प्रध्यापक डा.ज्ञान बहादुर कार्की, पिनाकल एकेडेमिका प्रिन्सिपल कमल जिटी अभिभावकहरु पशुपति कार्की, गौतमी गुरुङ, सरस्वती सिवाकोटि लगायतले धारण राखेका थिए। बिभिन्न प्रस्तुतिहरु राखिएको उक्त समारोहमा बिद्यार्थीहरुद्धारा निर्मित बिज्ञानका सामग्रीहरु,कलात्मक एब्रम शैक्षिक प्रर्दशनि, बिभिन्न बिधामा उत्कृष्ट हुनेहरुलाई सम्मान समेत गरिएको थियो।

कार्यक्रममा विद्यार्थीहरुले प्रकृति र संस्कृति झल्किने नृत्य पनि प्रस्तुत गरेक थिए। विद्यालयका प्रिन्सिपल कुमार रेग्मीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत पूर्व विद्यार्थी सोना गुरुङ तथा कार्यक्रमको सञ्चालन शिक्षिका लक्ष्मी आर्चाय र बिद्यार्थीहरु अदिति शिवाकोटी र आयुस दाहालले गरेका थिए।


# भोर्लेमा युवाहरुको सामूहिक तरकारी खेती

**पोखरापत्र संवाददाता**
पर्वत, २८ माघ

यहाँ सामूहिक तरकारी खेती सुरु गरिएको छ। दक्षिण पर्वतको पैंयु गाउँपालिका-७ का २३ युवा मिलेर सामूहिक तरकारीखेती सुरु गरेका हुन्।

युवा जनशक्ति दिनप्रतिदिन पलायन हुँदै जाने र खेतीयोग्य जमिनसमेत बाँझो हुने क्रम बढेपछि वडा नं ७ भोर्लेका वडाध्यक्ष तोयानाथ शर्माको अगुवाइमा भोर्ले बहुउद्देश्यीय कृषक समूहको गठन गरी सामूहिक रुपमा खेती गर्न थालिएको हो। समूहले स्थानीय व्यक्तिहरुको सिँचाइयुक्त २० रोपनी क्षेत्रफलमा विभिन्न जातका तरकारीको खेती सुरु गरेको छ। दिनप्रति दिन जमिन बाँझिने क्रम बढेपछि आफैँ सक्रिय भएर तरकारी खेतीमा लागेको वडाध्यक्ष शर्माले बताउनुभयो। "सिँचाइको राम्रो सुविधा भएको खेतीयोग्य जमिन नै खनजोत हुन नसक्दा साह्रै नराम्रो लाग्यो", अध्यक्ष शर्माले भन्नुभयो, "अनि वडाको बैठकमा तरकारीखेती गर्ने प्रस्ताव गरेँ, सर्वसम्मत रुपमा पास भएपछि समूह गठन गरेर अघि बढेका हौँ।" अध्यक्ष शर्माकै योजना र मागअनुसार कृषि कार्यक्रमअन्तर्गत गतवर्ष गाउँपालिकाले रु पाँच लाख विनियोजन गरेको थियो। उक्त बजेटबाट समूहलाई यान्त्रिक हलो, सुकाउने र पिस्ने मेसिन खरिद गरिएपछि समूहमा आबद्ध कृषकलाई तरकारीखेती गर्न सहजसमेत भएको छ। गत वर्ष वडाको कृषि क्षेत्रमा यान्त्रिकीकरण गर्ने काम भएपछि यस वर्षदेखि व्यावसायिक तरकारी खेती सुरु गरिएको हो। पहिलो चरणमा १० रोपनी क्षेत्रमा गरिएको गोलभेडा, काउली, ब्रोकाउली, खुर्सानी, प्याज, लसुन, धनिया लगायतको उत्पादनबाट रु पाँच लाख आम्दानी हुने अनुमान गरिएको छ। बाँझो जमिनको उपयोग हुने र कृषकसमेत आत्मनिर्भर हुनुका साथै स्थानीय बजारमा जैविक तरकारी उपलब्ध गराउने समूहको योजना छ। व्यावसायिक तरकारीखेतीका लागि यस वर्षसमेत वडाले रु पाँच लाख रकम विनियोजन गरेको छ। वडाध्यक्ष शर्माले भन्नुभयो, "बाँझो जमिन उपयोग गरेर कृषियोग्य बनाइसकेपछि टनेलमा काउली, बन्दागोभी, ब्रोकाउली, प्याज, लसुनलगायत मौसमी तथा बेमौसमी तरकारीखेती शुरु गरिएको हो।" उहाँहरुले पहिलो चरणमा विभिन्न तरकारीका बेर्ना बेचेर रु १६ हजार आम्दानीसमेत गरिसकेका छन्। यहाँ उत्पादित तरकारी तथा बेर्ना छिमेकी स्थानीय तह विहादी, महाशिला तथा स्याङ्जाको वालिङसम्म पुग्ने गरेको छ। सडकको राम्रो सुविधा भएकाले उत्पादित तरकारी बजारीकरणमा समस्या नरहेको अध्यक्ष शर्माले बताउनुभयो।

व्यावसायिक तरकारी खेतीका लागि वडाले नै पारिश्रमिक निर्धारण गर्ने गरी पाँच स्थानीयलाई रोजगार ीसमेत प्रदान गरेको छ। वडावासी कृषकलाई सस्तो मूल्यमा तरकारी तथा तरकारीका बेर्ना र बीउ उपलब्ध गराउने योजना समूहले बनाएको छ। उहाँका अनुसार स्थानीय कृषकको बाँझो जमिन उपयोगका लागि पनि प्रेरणा हुनेछ। समुहमा आबद्धबाहेक अन्य कृषकले उत्पादन गरेको तरकारी बिक्रीका लागि बजारको व्यवस्थापन गरिने समूहमा आबद्ध पदमबहादुर आलेले बताउनुभयो।

वडामा रहेका सामुदायिक विद्यालयका विद्यार्थीका लागि पढ्दै सिक्दै र कमाउँदै भन्ने कार्यक्रम ल्याई कृषिको व्यावसायिक उत्पादनमा लगाउने कार्यक्रम वडाले तयार पारेको छ। पहिलो चरणमा यस वर्ष १० रोपनीमा व्यावसायिक खेती गरिएको छ भने बाँकी १० रोपनीमा स्थानीय बेसार खेती गरिने भएको छ।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १७ छोरेपाटन संगम चोकमा बाटो निर्माण कार्य गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम** : संगम चोक छोरेपाटन बाटो निर्माण
**उपभोक्ता समिति**: संगम चोक छोरेपाटन बाटो निर्माण समिति, पोखरा-१७, कास्की
**योजना सम्झौता मिति**: २०८०/०९/०२ गते
**योजना सुरु मिति** : २०८०/०९/०३ गते
**योजना सम्पन्न मिति** : २०८०/१०/१९ गते
**महानगरपालिकाबाट** : रु. १०,००,०००/-
**उपभोक्ताबाट** : रु. १,९८,९६२/-
**जम्मा लागत** : रु. ११,९८,९६२/-

**उपभोक्ता समिति**
**अध्यक्ष**: कमल बहादुर रेग्मी
**उपाध्यक्ष**: पिताम्बर सुवेदी
**सचिव** : डिल्लि प्रसाद पौडेल
**कोषाध्यक्ष**: खिमा कुमारी सेन मल्ल
**सदस्यहरू** : जायस्वर पौडेल, प्रमिला वि.क. तारा बहादुर रेग्मी, सपना रेग्मी र विष्णु क्षेत्री
**अनुगमन समिति संयोजक** : इश्वरीप्रसाद लम्साल


# माघमै फुल्यो लालीगुराँस

**पोखरापत्र संवाददाता**
लमजुङ, २८ माघ

चैत-वैशाखमा फुल्ने लालीगुराँस यस वर्ष माघ महिनामै फुलेको छ।

बेँसीसहर नगरपालिका-७ स्थित डिभिजन वन कार्यालय लमजुङका प्रमुख डिभिजन वन अधिकृत दीपकप्रसाद पण्डितका अनुसार राइनास नगरपालिकाको राइनासकोट, क्व्होलासोथर गाउँपालिका वडा नं १ रापासिङ, वडा नं ६ पसगाउँ, मर्स्याङ्दी गाउँपालिका वडा नं ३ सिउरुङलगायत जिल्लाका अधिकांश स्थानमा समयअगावै लालीगुराँस फुल्न थालेको हो।

जिल्लामा चैत-वैशाखतिर फुल्ने लालीगुराँस जलवायु परिवर्तनको मुख्य कारणले माघमै फुलेको उहाँको भनाइ छ। यस वर्ष माघको पहिलो हप्ताबाटै लालीगुराँस फुल्न थालेको बताइएको छ। राइनास नगरपालिकाका प्रमुख खड्गबहादुर गुरुङले राइनासकोटमा लालीगुराँस फुल्न थालेसँगै वन राताम्मे देखिन थालेको बताउनुभयो। यसरी समयअगावै लालीगुराँस फुल्नु जलवायु परिवर्तनको असर देखिएको उहाँको भनाइ छ।

यहाँ आउने पर्यटकको मुख्य आकर्षणको केन्द्र लालीगुराँस फूल हुन थालेको उहाँले बताउनुभयो। विसं २०७५ फागुनदेखि ११ घरबाट सुरुआत भएको यहाँको घरबास सिङ्गो गाउँ अर्थात् १७ घरमा सञ्चालनमा रहेका छन्।

बाइसे-चौबिसे राज्यकालमा लमजुङका राजा यशोब्रह्म शाहका कान्छा छोरा द्रव्य शाहले राज्य सञ्चालन गरेर राइनासकोटमा बसेको इतिहास बुझ्न र घरबासमा रमाउन आउने पर्यटक गाउँमा फुलेको लालीगुराँससँग भुल्न थालेका छन्।